# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४७) काठमाडौं, कात्तिक १८ गते २०५४ साल (संख्या २९

## भाग ४

श्री ५ को सरकार

### मन्त्रिपरिषद् सचिवालयको

### सूचना १

राष्ट्रिय योजना आयोगको सचिवालयका सचिव श्री पुण्यप्रसाद दाहाल घर बिदामा बस्नु भएकोले उहाँ घर बिदाबाट फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही सचिवालयका विशेष सचिव (प्रा.) डा. गोविन्दराज भट्टलाई मिति २०५४।६।१५ गतेदेखि कायम मुकायम मुकरर गरेको छ ।

### सूचना २

कानून तथा न्याय मन्त्रालयका सचिव श्री तीर्थमान शाक्य पाकिस्तानको कराँचीमा आयोजना हुने सार्क राष्ट्रका प्रधान न्यायाधीशहरूको तेस्रो सम्मेलन एवं छैठौं सार्क ल सम्मेलनमा भाग लिन त्यसतर्फ जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका का.मु. विशेष सचिव श्री उदयनेपाली श्रेष्ठलाई मिति २०५४।६।१६ गतेदेखि कायम मुकायम मुकरर गरेको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ३

परराष्ट्र मन्त्रालयका सचिव श्री कुमारप्रसाद ज्ञवाली India and Pakistan at Fifty विषयक सम्मेलनमा भाग लिन संयुक्त अधिराज्यतर्फ जानुभएको र विशेष सचिव श्री मुरारिराज शर्मा संयुक्त राष्ट्र संघको साधारण सभामा भाग लिन जानुभएको हुँदा विशेष सचिव श्री मुरारिराज शर्मा फर्की हाजिर नभएसम्मका लागि सोही मन्त्रालयका का. मु. विशेष सचिव श्री नारायण शम्शेर थापालाई मिति २०५४।६।११ देखि र विशेष सचिव श्री मुरारिराज शर्मा फर्की हाजिर भएपछि सचिव श्री कुमारप्रसाद ज्ञवाली फर्की हाजिर नभएसम्मका लागि विशेष सचिव श्री मुरारिराज शर्मालाई सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,
शम्भुशरणप्रसाद कायस्थ
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

2260